प्रमुख जिल्ला अधिकारी

मितिः २०८३।०२।१९, ने.सं.११४६

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, रसुवा।

विषयः बजार अनुगमन गरी प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

उपरोक्त विषयमा उत्तरगया गाउँपालिकासँगको समन्वय एवम् सहजीकरणमा संयुक्त जिल्ला बजार अनुगमन समितिका सदस्य सचिव एवम् उद्योग तथा वाणिज्य कार्यालय, रसुवाका कार्यालय प्रमुख रमेश पौडेलको नेतृत्वमा उत्तरगया गाउँपालिकाका उपाध्यक्ष, कोष तथा लेखा नियन्त्रक कार्यालय, स्थानीय प्रशासन, सञ्चारकर्मी लगायतको संयुक्त टोलीबाट मिति २०८३।०२।१३ गते उत्तरगया गाउँपालिका वडा नं. ५ माझगाउँ, बनुवा घुम्ती, बेत्रावती बजार लगायतका स्थानमा दैनिक उपभोग्य तथा खुद्रा किराना व्यवसायी लक्षित दैनिक उपभोग्य वस्तु बिक्रीस्थल/गोदामहरूको स्थलगत रुपमा अनुगमन/निरीक्षण गरी सो को प्रतिवेदन देहाय बमोजिम रहेको व्यहोरा सादर अनुरोध गर्दछु।

१.पृष्ठभूमिः

किराना पसलहरू स्थानीय उपभोक्तालाई दैनिक उपभोग्य सामग्री उपलब्ध गराउने प्रमुख खुद्रा व्यवसायहरू हुन्। यस्तो पसलमार्फत उपभोक्ताले खाद्यान्न, प्याक गरिएको सामग्री, घरेलु प्रयोगका वस्तुहरू तथा अन्य आवश्यक सामानहरू निरन्तर रूपमा प्राप्त गर्छन्। उपभोक्ताको स्वास्थ्य, सुरक्षा र आर्थिक हित सुनिश्चित गर्न किराना पसलमा उपलब्ध गराइने सामग्रीको गुणस्तर, मूल्य, तौल मापन, म्याद (Expiry), भण्डारण अवस्था तथा सरसफाई अवस्थाको नियमित अनुगमन गर्नु आवश्यक हुन्छ।

हालका वर्षहरूमा नक्कली, म्याद गुज्रिएका, पुनः लेबल गरिएका वा अत्याधिक मूल्य बढाई उपभोग्य सामग्रीहरूको बिक्री गर्ने जोखिम बढ्दै गएकोले किराना पसलहरूमा बजार निरीक्षण तथा अनुगमनको आवश्यकता अझ बढ्दो छ। स्थानीय तह, उद्योग तथा वाणिज्य कार्यालय लगायतका उपभोक्ता संरक्षण निकायहरूले यस्ता गतिविधि रोकथाम एवम् नियमन गरी उपभोक्तामा सचेतना अभिवृद्धि गर्न अनुगमन कार्य सञ्चालन गर्दै आइरहेका छन्। यस सन्दर्भमा गरिएको किराना पसल अनुगमनको यस प्रतिवेदनले निरीक्षणका क्रममा भेटिएका अवस्थाहरू, पालना भएका वा नभएका कानूनी/प्राविधिक मापदण्डहरू, जोखिमका तत्त्वहरू तथा आवश्यक सुधारात्मक सुझावहरू समेटेको छ। यसले भविष्यमा हुने नीति निर्माण, नियमित अनुगमन, उपभोक्ता अधिकारको सुनिश्चितता गरी उपभोक्ता सुरक्षाका कार्यक्रमहरूलाई मार्गदर्शन गर्दछ।

२. अनुगमन विधिः

व्यवसाय/पसल वा स्टोरमा रहेको विभिन्न खाद्यबस्तुहरू तथा अन्य मालसामानहरू प्रत्यक्ष रुपमा अनुगमन गरी म्याद गुज्रेको वा गुणस्तरको सामान्य चेकजाँच गर्ने गरिएको। अवलम्बन गर्नु पर्ने कानूनी प्रक्रियाहरु आत्मसाथ गरेर व्यवसाय सञ्चालन गरे/नगरेको, दर्ता/नवीकरण, बिल/बीजक, कर चुक्ता, अन्तशुल्क अनुमति लगायतका कानून बमोजिमका गतिविधि गरे/नगरेको एवम् सरसफाई लगायतका अन्य व्यवस्थापकीय पाटोका सन्दर्भमा समेत अनुगमन गरिएको।

३.समस्याः

- म्याद गुज्रिएका खाद्य सामग्रीको बिक्री,
- सरसफाई तथा भण्डारण व्यवस्थापन कमजोर,
- दर्ता/इजाजत, नवीकरण नगरी अनाधिकृत रुपमा व्यवसाय सञ्चालन,
- उपभोक्ता हित तथा अधिकारसम्बन्धी जानकारीको अभाव,
- उच्च मूल्य निर्धारण र मूल्य सूची नराख्ने समस्या,
- अन्तःशुल्क ईजाजत नलिई सुर्तिजन्य, मदिराजन्य सामाग्री बिक्री वितरण गर्ने,
- नियमित कर तिर्ने परिपाटी बस्न नसकेको,
- खाद्य र अखाद्य वस्तुको संयुक्त भण्डारण,
- व्यावसायीमा व्यावसायिक चेतको अभाव।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

**अनुगमनका सहभागीहरूः**

| क.स. | नाम,थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| १. | श्री रमेश पौडेल | कार्यालय प्रमुख | श्री उद्योग तथा वाणिज्य कार्यालय, रसुवा |
| २. | श्री चमेली गुरुङ | उपाध्यक्ष | श्री उत्तरगया गाउँपालिका, रसुवा |
| ३. | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | श्री उत्तरगया गाउँपालिका, वडा नं., ५, रसुवा |
| ४. | श्री सुदिप खनाल | कोष नियन्त्रक | श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवा |
| ५. | श्री होमनाथ दाहाल | प्रमुख प्रशासकीय अधिकृत | श्री उत्तरगया गा.पा.,गाउँ कार्यपालिकाको कार्यालय |
| ६. | श्री प्रस्थान भण्डारी | खरिदार | श्री जिल्ला प्रशासन कार्यालय, रसुवा |
| ७. | श्री गीता न्यौपाने | पत्रकार | श्री रेडियो लाङटाङ ९०.३ |
| ८. | श्री रामकाजी पौडेल | प्र.स.नि. | श्री प्रहरी चौकी बेत्रावती, रसुवा |
| ९. | श्री सन्जीव अमात्य | अध्यक्ष | श्री रसुवा चेम्बर अफ कमर्श, रसुवा |
| १०. | श्री आस्था प्रजापति | फार्मेसी सहायक | श्री रसुवा अस्पताल, रसुवा |
| ११. | श्री सुरेन्द्र तामाङ | नायब सुब्बा | श्री उद्योग तथा वाणिज्य कार्यालय, रसुवा |
| १२. | श्री सर्य बहादुर थोक्रा | स.क.अ. | श्री उद्योग तथा वाणिज्य कार्यालय, रसुवा |
| १३. | श्री शिव प्रसाद भट्टराई | प्रहरी हवल्दार | श्री प्रहरी चौकी बेत्रावती, रसुवा |
| १४. | श्री लाक्पा छिरिङ लोप्चन | ह.स.चा. | श्री उद्योग तथा वाणिज्य कार्यालय, रसुवा |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

## व्यवसायहरुमा अनुगमनको क्रममा भएको निर्देशन तथा अन्य विवरण

| क.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं./सम्पर्क नं. | प्रोपाईटरको नाम | | | |
| १. | पि.पि.के. खाजा घर | ९८४०१८०५८२ | प्रेम तामाङ | • फोहोरमैला व्यवस्थापन प्रभावकारी नदेखिएको,<br>• बील बिजक नियमित जारी नभएको। | • फोहोरमैलाको उचित व्यवस्थापन गर्ने,<br>• बील बिजक नियमित जारी गर्ने। | |
| २. | माझगाउँ किराना पसल एण्ड स्टोर्स | ६०११८८५६२ | महेश्वर पौडेल | • मुल्यसूची नराखेको,<br>• व्यवसाय दर्ता, नवीकरण लगायतका कागजात व्यवसाय स्थलमा नराखिएको,<br>• फोहोरमैला व्यवस्थापन प्रभावकारी नदेखिएको। | • मुल्यसूची राख्ने,<br>• फोहोरमैलाको उचित व्यवस्थापन गर्ने,<br>• व्यवसाय दर्ता, नवीकरण लगायतका कागजात व्यवसाय स्थलमा अनिवार्य राख्ने। | |
| ३. | जानु एण्ड एञ्जल खाजा घर | ६२३८३७८७२ | सुनिता तामाङ | • अन्तशुल्क इजाजत नलिई मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको,<br>• बिल बिजक जारी नभएको,<br>• फोहोरमैला व्यवस्थापन राम्रो नभएको। | • अन्तशुल्क इजाजत लिएर मात्र मदिराजन्य पदार्थ बिक्री गर्ने,<br>• कारोबार बमोजिम बिल बिजक जारी गर्ने,<br>• सरसफाईमा ध्यान दिने। | |
| ४. | काका किराना पसल | ९८६०४४६३११ | सिता थापा | • मूल्यसूची अद्यावधिक नगरेको,<br>• बिल बिजक नियमित जारी नभएको। | • मुल्यसूची अनिवार्य राख्ने,<br>• बिल बिजक अनिवार्य जारी गर्ने। | |

| क्र.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं./सम्पर्क नं. | प्रोपाईटरको नाम | | | |
| ५. | डंगोल कोल्ड स्टोर | ६११२०५४२५ | राज कुमार डंगोल | • कारोबार बमोजिमको बीजक जारी नभएको,<br>• म्याद गुज्रेका सामान बिक्री गर्ने गरेको,<br>• मुल्यसूची नराखेको। | • प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• म्याद गुज्रेका सामान बिक्री वितरण नगर्ने,<br>• मूल्यसूची तुरुन्त राख्ने। | म्याद गुज्रिएका Special Joshi पाउँ २८ प्याकेट जफत गरिएको। |
| ६. | सिद्धार्थ ट्रेडर्श | ११४२४२७४५ | खिलराज भट्टराई | • मूल्यसूची नभएको,<br>• साईनबोर्ड नराखेको। | • साईनबोर्ड र मूल्यसूची तत्काल राख्ने। | |
| ७. | | ९७६९०१९९८७ | चन्द्रवती फूँयाल | • व्यवसाय दर्ता नगरेको,<br>• साईनबोर्ड नराखेको,<br>• म्याद गुज्रेका सामान बिक्री गर्ने गरेको। | • ७ दिन भित्र अनिवार्य रूपमा व्यवसाय दर्ता गर्ने,<br>• साईनबोर्ड र मूल्यसूची तत्काल राख्ने,<br>• म्याद गुज्रेका सामान बिक्री वितरण नगर्ने। | म्याद गुज्रिएका प्रिति चाउचाउ-१९ प्याकेट, पिपलडाली मसला-१ प्याकेट, जिरा-१५ प्याकेट, धनिया-२७ प्यकेट |
| ८. | बासु किराना पसल | ६११६७१५८५ | बासु आचार्य | • म्याद गुज्रेका सामान बिक्रिस्थलमा बिक्री वितरणका लागि राखेको,<br>• बीजक जारी नभएको,<br>• फोहोरमैलाको उचित व्यवस्थापन नभएको। | • म्याद गुज्रेका बिक्री वितरण नगर्ने,<br>• प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• फोहोरमैलाको उचित व्यवस्थापन तथा सरसफाईमा ध्यान दिने,<br>• मूल्यसूची नभएको। | |
| ९. | आर.डी. सप्लायर्स | ६०९२६४०२० | रेनुका रेग्मी | • सम्पूर्ण कारोबारको बीजक जारी नभएको, | • प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने, | म्याद गुज्रिएको फेसवास-१ वटा। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

| क्र.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं./सम्पर्क नं. | प्रोपाईटरको नाम | | | |
| | | | | • खाद्य र अखाद्य वस्तु सँगसँगै राखेको। | • खाद्य र अखाद्य वस्तु छुट्टाछुट्टै राखे। | |
| १०. | ईसानी किराना पसल | ९८४३९३५०८४ | हेमनाथ आचार्य | • व्यवसाय नवीकरण नभएको,<br>• मूल्यसूची अद्यावधिक नभएको,<br>• बिल बिजक जारी नभएको,<br>• खाद्य र अखाद्य वस्तु छुट्टै नराखेको | • व्यवसाय नवीकरण गर्ने,<br>• मूल्यसूची तत्काल अद्यावधिक गर्ने,<br>• प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• खाद्य र अखाद्य वस्तु छुट्टै राखे। | |
| ११. | लामा होटल | ९८६९५३१७४७ | नुर्पु तमाङ | • व्यवसाय नवीकरण नभएको,<br>• मूल्यसूची नभएको,<br>• फोहोरमैलाको उचित व्यवस्थापन नभएको,<br>• अन्तशुल्क इजाजत नलिई मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको। | • व्यवसाय तत्काल नवीकरण गर्ने,<br>• अन्तशुल्क इजाजत लिएर मात्र मदिराजन्य पदार्थ बिक्री गर्ने,<br>• म्याद गुज्रेका सामान बिक्री नगर्ने,<br>• फोहोरमैलाको उचित व्यवस्थापन गर्ने। | |
| १२. | भट्टराई किराना पसल | १४१४२५७८६ | गोकर्ण भट्टराई | • सम्पूर्ण कारोबारको बीजक जारी नभएको। | • प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने। | |

रसुवा

| क्र.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं./सम्पर्क नं. | प्रोपाईटरको नाम | | | |
| १३. | डंगोल कोल्ड स्टोर्स | ९८४५३५३६६६ | कौशल्या डंगोल | • व्यवसाय नवीकरण नभएको,<br>• मूल्यसूची नभएको,<br>• फोहोरमैलाको उचित व्यवस्थापन नभएको,<br>• अन्तशुल्क इजाजत नलिई मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको। | • व्यवसाय तत्काल नवीकरण गर्ने,<br>• अन्तशुल्क इजाजत लिएर मात्र मदिराजन्य पदार्थ बिक्री गर्ने,<br>• म्याद गुज्रेका सामान बिक्री नगर्ने,<br>• फोहोरमैलाको उचित व्यवस्थापन गर्ने। | |
| १४. | उत्तरगया फार्मेसी | ३०१९५८९९२ | रविन्द्र कुमार ठाकुर | • तत्काल कुनै कैफियत नदेखिएको। | | |
| १५. | जानुका किराना स्टोर्स | ६११५०६४६७ | पार्वती पौडेल | • व्यवसाय नवीकरण नभएको,<br>• मूल्यसूची अद्यावधिक नभएको,<br>• बिल बिजक जारी नभएको,<br>• खाद्य र अखाद्य वस्तु छुट्टै नराखेको,<br>• अन्तशुल्क इजाजत नलिई मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको। | • व्यवसाय नवीकरण गर्ने,<br>• मूल्यसूची तत्काल अद्यावधिक गर्ने,<br>• प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• खाद्य र अखाद्य वस्तु छुट्टै राख्ने,<br>• अन्तशुल्क इजाजत लिएर मात्र मदिराजन्य पदार्थ बिक्री गर्ने। | म्याद गुज्रिएका चाउमिन-३ प्याकेट, साबुदाना-१ प्याकेट, मिक्स मसला-४ प्याकेट, मिक्स जुस-१ बट्टा। |
| १६. | भवानी किराना पसल | ६१५७३७९१७ | शुशिला रिमाल | • मूल्यसूची अद्यावधिक नभएको,<br>• खाद्य र अखाद्य वस्तु छुट्टै नराखेको,<br>• अन्तशुल्क इजाजत नलिई मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको। | • मूल्यसूची तत्काल अद्यावधिक गर्ने,<br>• खाद्य र अखाद्य वस्तु छुट्टै राख्ने,<br>• अन्तशुल्क इजाजत लिएर मात्र मदिराजन्य पदार्थ बिक्री गर्ने। | म्याद गुज्रिएको ग्लुकोज- १ बट्टा, खजुरीको पफिनो-१२ वटा। |

निष्कर्ष:

दैनिक उपभोग्यजन्य खाद्य सामग्री तथा मालसामानहरूको अनुगमनको सिलसिलामा खाद्य तथा किराना पसलहरुले खाद्य तथा अखाद्य वस्तुहरुको छुट्टा छुट्टै व्यवस्थापन गरी दैनिक खाद्य वस्तुहरुको बिक्री विवरण गर्दा नागरिकहरुको स्वास्थ्य तथा स्वच्छ खाद्य वस्तुमाथिको पहुँच सुनिश्चित गर्न मद्दत गर्दछ। साथै सरकारले विभिन्न समयमा जारी गरेका निर्देशन तथा विद्यमान कानूनको परिपालनाले उपभोक्ताहरूको उच्चतम् हित प्रवर्द्धन गर्न व्यवसायिहरुलाई जिम्मेवार बनाएको छ। कानून तथा मापदण्ड विपरीत सञ्चालन गर्ने कार्य निरूत्साहित हुने अपेक्षा गरिएको छ। अनुगमन गर्दा प्रचलित कानून, अवलम्बन गर्नु पर्ने कार्यविधि र उपभोक्ता हकहित संरक्षण सम्बन्धमा व्यावसायी तथा उपभोक्ताहरू जानकार नहुँदा प्रभावकारी सेवा वितरणमा समस्या सिर्जना भएको देखिन्छ। यसका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट अन्तशुल्क इजाजत पत्र सम्बन्धी, उद्योग तथा वाणिज्य कार्यालयबाट उद्योग/व्यवसाय दर्ता/नवीकरण सम्बन्धी, स्थानीय तहबाट फोहोर व्यवस्थापन तथा उपभोक्ता हकहित सम्बन्धी जानकारी एवम् सन्देशमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

प्रतिवेदक

खरिदार, प्रस्थान भण्डारी

क्रा.स., पोष प्रसाद न्यौपाने

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

# अनुगमनका केहि तस्वीरहरू:

















नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा